# एकाइसौं शताब्दीमा
# पशुबलि
## कति उपयुक्त, कति अनुपयुक्त ?


*कार्यपत्र प्रस्तोता:*

**डा. सानु भाइ डंगोल**



*प्रकाशन तथा वितरक :*

**थेरवाद बौद्ध दायक केन्द्रीय परिषद्,**

**धर्मचक्र विहार, बागबजार, काठमाडौं**

**फोन नं. ४३१८८९**

*२०५८ असोज २८, आईतबार*

सौजन्य : श्री संघरत्न शाक्य, रत्नायण परिवार, भक्तपुर, ६-१२६७७५



Downloaded from http://dhamma.digital/

# सांघुरो विश्व

विज्ञान र प्रविधिको अत्यधिक विकासले गर्दा आज यो धर्ती ज्यादै सांघुरो अवस्थामा पुगी विश्व नै एक सानो ग्रामको रूपमा, या भनौं, विश्व ग्राम (Global Village) मा परिणत भइसकेको छ। यसैले आज यस धर्तीको कुनै कुनामा चालु रहेको नराम्रो परम्परा अन्यत्र पनि फैलिन गई यसले विश्वको वातावरणलाई नै धमिल्याउन सक्दछ। यस्तै यस धर्तीको कुनै अर्को कुनामा प्रचलित राम्रो परम्पराले विश्वको वातावरणलाई स्वच्छ पार्न पनि उतिकै सहयोग पुऱ्याउन सक्दछ। एकाइसौं शताव्दीमा प्रवेश गरेको यो धर्तीको वातावरणलाई विचार गरेर हेर्दा आज विश्वमा प्रचलित कैयन परम्पराहरू समय सुहाउँदो नरहेको कारण उन्मुलन गर्नु पर्ने अवस्थामा रहेको देखिन्छ। यस्तै कैयन परम्पराहरू यथावत् थाम्नु पर्ने अवस्थामा छन् भने कैयन सुधार गर्नु पर्ने अवस्थामा पनि। यस प्रकार समय सुहाउँदो नरहेको कारण उन्मुलन वा सुधार गर्ने अवस्थामा रहेका परम्पराहरूलाई अध्ययन गर्दा एउटा ज्यादै विवादास्पद अवस्थामा पाइएको परम्परा हो, पशुबलिको परम्परा। विश्वका कैयन धर्मावलम्वीहरूले यो परम्परालाई आज पनि उतिकै राम्रो सम्झी पवित्र धार्मिक परम्पराको रूपमा चालु राखी आएका छन् भने कैयन धर्मावलम्वीहरूले यसलाई अति नराम्रो परम्परा सम्झी हटाएका छन् पनि। यसरी एक पवित्र धार्मीक परम्पराको रूपमा चालु रहे तापनि यस परम्परासंग जोडिएको नरबलिको परम्परा भने आज विश्वमा कतै पनि प्रचलनमा रहेको पाइदैन। अव एक छिन चर्चा गरौं, विश्वमा प्रचलित यस धार्मिक परम्परा याने पशुबलिको परम्परा बारे पनि।



Downloaded from http://dhamma.digital/

# पशुबलिको परम्परा

आफ्नो कामना पूरा होस् भन्ने उद्देश्य लिएर अथवा कामना पूरा भएको खुशियालीमा कुनै देवी, देवता वा अदृष्य शक्तिको नाममा पशु, पंछी अथवा अन्य कुनै जीवित वस्तुलाई भोग चढाउने परम्परालाई पशुबलि भन्ने गरिएको छ। पशुबलि धर्मको नाममा ज्यादै प्राचीन समय देखि चलिआएको परम्परा हो र यस परम्परा अन्तर्गत दिइने बलिमा पहिले पहिले पशु, पंक्षी र मानव जस्ता जीवित प्राणीहरू पनि समावेश हुन्थे। प्राचीन कालमा जब धर्मको नाममा आध्यात्मिक जागरणको लहर राम्ररी चल्न पाएको थिएन, त्यसबेला मानिसहरू सूर्य, चन्द्र, पहाड, रुख, नदी, नाला जस्ता प्राकृतिक वस्तुहरू भित्र केही आत्मातत्व रहेको कुरामा विश्वास गर्दथे र यिनीहरूबाट हुने प्रकोपबाट बच्न यस्ता वस्तुहरू पशुबलिको रूपमा चढाउँदथे। प्रकृति पूजा वा बहु आत्मवाद (Nature Worship or Animism) बाट शुरु भएको यस प्रकारको परम्परा पछि गएर रहस्यमय (Mystical) पशु पंक्षीलाई आफ्नो गोत्र मान्ने (Totemism) वा पितृ वा देवी देवताहरूको पूजा (Worship of Ancestors or Divinities) मा विकसित भए पछि कुनै प्रजाति (Tribe)ले पशुबलिलाई आफ्ना गोत्र, प्राकृतिक वस्तुमा रहेको आत्मा, पितृ वा देवी देवताहरूसंग प्रत्यक्ष सम्पर्क राख्ने अप्रत्यक्ष वा प्रत्यक्ष माध्यम (Media of Communication or Communion) को रूपमा प्रयोग गरे। यो चलन धर्मको नाममा आत्मा, परमात्मा, अनात्मा आदि जस्ता विकसित सिद्धान्तहरू प्रतिपादन भइसकेपछि पनि अर्थात् हालसम्म यथावत् चालु रहेको पाइन्छ।



Downloaded from http://dhamma.digital/

पशु वा जीवित प्राणीलाई बलि दिने परम्परालाई लिएर विश्वका धेरै विकसित धर्महरूले, विशेष गरेर जैन र बुद्ध धर्महरूले, हिंसाको संज्ञा दिए तापनि यो परम्परा आजसम्म रोकिएको पाइदैन । यसको मूल कारण हो, विश्वका अधिक धर्महरूले चित्तको शुद्धी वा निर्वाणलाई भन्दा केही कुराको उपलव्धी (Accomplishment) याने सिद्धि (Success) लाई बढ्ता जोड दिन पुग्नु । यसैले इस्लाम धर्मको नाममा मक्का मदीनामा आज पनि हजारौं निर्दोष र मुक पशुहरू बलि दिने गरिन्छ भने पहिले देखि पशुबलिलाई जोड दिइ आएका हिन्दू र अन्य धर्महरूले यसलाई झन जोड नदिने कुरै भएन । यसैले विश्वको एक मात्र हिन्दू राज्य र भगवान् बुद्धको जन्मथलो कहलिएको नेपालमा आज पनि हजारौ हजार निर्दोष र मुक पशुहरूलाई देवी र देवताहरूको मन्दिरमा बलि दिने गरी आएको पाइन्छ ।

## हिंसाको मुख्य अंग

प्राणी हिंसा (पाणातिपात) हिंसाको मुख्य अंग हो । प्राणी हिंसा चाहे आफू खुशी गरिएको होस्, चाहे सामाजिक व्यवहार वा धर्मको नाममा, यसलाई बुद्ध धर्ममा अकुशल कर्म वा पापको संज्ञा दिइएको छ । विशुद्ध परम्परालाई अपनाउने आजका सवैजसो धर्महरूले प्राणी हिंसालाई छुट दिने गरेको पाइदैन । विश्वमा पाइने महान धर्महरू मध्ये बुद्ध धर्म पनि एक हो । यस धर्मले दश



Downloaded from http://dhamma.digital/

अकुशल कर्म वा पापहरूबारे शिक्षा प्रदान गर्दा प्राणी हिंसालाई पनि अकुशल कर्मको रूपमा लिने गरेको छ। बुद्ध धर्मले पाप वा हिंसाको संज्ञा दिएका दश अकुशल कर्महरू यस प्रकार छन् :-

## शरीरबाट हुने अकुशल कर्महरू

(१) पाणातिपात वा प्राणी हिंसा

(२) अदिन्नादान वा चोरी

(३) कामेसुमिच्छाचारा वा परस्त्री वा पुरुषसँगको यौनाचार।

## वचनबाट हुने अकुशल कर्महरू

(४) मुसावादा वा झुठो वचन

(५) पिसुनवाचा वा चुग्ली

(६) फरुसवाचा वा रुखो वचन

(७) सम्फ्लाप वा अनर्थको कुराकानी।

Dhamma.Digital

## चित्तबाट हुने अकुशल कर्महरू

(८) अभिज्झा वा लोभ

(९) व्यापाद वा व्देष

(१०) मिच्छादिट्ठि वा मोहग्रस्त चित्त।

यी दश अकुशल कर्महरूलाई मेटाउन बुद्ध धर्मले पाँच, आठ र दश गरी विभिन्न प्रकारका शीलहरू प्रदान गरेका छन्।



Downloaded from http://dhamma.digital/

यसरी शीलहरू प्रदान गर्दा यस धर्मले प्राणी हिंसाबाट अलग्ग रहने कुरालाई पहिलो प्राथमिकता दिएको पाइन्छ। उदाहरणको लागि बुद्ध धर्मले प्रदान गरेको पहिलो शील यहाँ उल्लेख गरिन्छ :-

"पाणातिपाता वेरमणि सिक्खापदं समादियामि ।"[१] अर्थात् "म प्राणी हिंसाबाट अलग्ग रहने शिक्षापदलाई ग्रहण गर्दछु ।"

## प्राणी हिंसा रोक्ने सन्दर्भमा बुद्धका वचनहरू

प्राणी हिंसा रोक्ने सन्दर्भमा भगवान् बुद्धले अनेक प्रकारका उपदेशहरू दिनुभएको छ। यी मध्ये केही प्रमुख उपदेशहरू यस प्रकार छन् :-

"सब्बे तसन्ति दण्डस्स -- सब्बे भायन्ति मच्चुनो ।
अत्तानं उपमं कत्वा -- न हनेय्य न घातये ॥

सब्बे तसन्ति दण्डस्स -- सब्बेसं जीवितं पियं ।
अत्तानं उपमं कत्वा -- न हनेय्य न घातये ॥

सुखकामानि भूतानि -- यो दण्डेन विहिंसति ।
अत्तनो सुख ' मेसानो पेच्च सो न लभते सुखं ॥"[२] अर्थात्



Downloaded from http://dhamma.digital/

दण्ड देखेर सबै तर्सन्छन्, मृत्यु देखेर सबै कांप्दछन् ।
त्यसैले अरुलाई पनि आफै सम्भी प्राणी हिंसा नगर, नगराउ ॥

दण्ड देखेर सबै तर्सन्छन्, सबैलाई ज्यानको माया छ।
त्यसैले अरुलाई पनि आफै सम्भी प्राणी घात नगर, नगराउ ॥

आफ्नो सुखको लागि सुखको कामना गर्ने अरु प्राणीलाई
जसले हिंसा गर्दछ, उसले परलोकमा सुख पाउँदैन ॥

## जंगली युगको संस्कृति

प्राणी हिंसा सम्बन्धमा आज जे जस्तो सोच बनाइए तापनि यसलाई जंगली वा बर्बर युग (Barbarous Age) का संस्कृतिको रूपमा मान्न सकिन्छ। प्राचीन समयमा जब कृषिको विकास हुन सकेको थिएन त्यसबेला मानिस जंगली अवस्थामा थिए। फिरन्ते जोगीको रूपमा घुमन्ते जीवन बिताउने र गुफामा बस्ने यिनीहरूको जीविकाको प्रमुख साधन नै शिकार थियो। यसैले यिनीहरू पशु, पक्षी वा अरु जीवित वस्तुहरू शिकार गरेर वा मारेर खान्थे र यसरी आफ्नो जीवन यापन गर्दथे। पछि गएर जब मानिस जंगली युगबाट कृषि युगमा प्रवेश गरे र घर बनाएर बस्न थाले, त्यसबेला उनीहरूको जीविकाको प्रमुख साधन कृषि पैदावार याने धान, गहुँ, सागपात, फलफूल आदि बन्यो। आज आएर जब



Downloaded from http://dhamma.digital/

मानिस ज्यादै शिक्षित र सम्पन्न बनेको छ, त्यस्तो बेलामा पनि मानिसले आफ्नो जीविका वा स्वादको लागि प्राणी हिंसा गर्न छोडेको छैन। यसको मूल कारण हो, मासुको परिकारमा जस्तो मीठो स्वाद अरु परिकारमा नहुनु। यसैले मानिसहरू मासुको परिकार आफू मात्र ग्रहण गर्दैनन्, आफूले मानेका देवी, देवता र श्रद्धेय महानुभावहरूलाई पनि चढाउने गर्दछन्। यो आज मात्र होइन् धेरै पहिलेदेखि प्रचलनमा रहेको कुरा हो। उदाहरणको लागि हामीले सिंह सेनापति जस्ता बैशालीका प्रधान सेनापति र चुन्द सुनार जस्ता उपासकले भगवान् बुद्धलाई भोजनमा मासुको परिकार चढाएर स्वागत गरेको कुरालाई लिन सक्दछौं।

## धर्मको नाममा गरिने हिंसाकर्म

धर्मको नाममा गरिने हिंसा कर्मलाई हिन्दू र अन्य धर्महरूमा पशुबलिको संज्ञा दिने गरिएको छ। पशुबलि अन्तर्गत देवी देवताहरूको प्रतिमा वा यज्ञको वेदीमा चौपाया जन्तु, पंक्षी वा अन्य जीवित प्राणीलाई मारी रगत चढाउने कुरा देखा पर्दछ। इस्लाम धर्ममा पाइने हलालको परम्परालाई पनि एक प्रकारले पशुवलिको संज्ञा दिएमा कुनै फरक पर्ने देखिंदैन। भारतीय उपमहाद्वीपमा जैन र बुद्ध धर्महरू प्रादुर्भाव हुनु अगाडि प्रचलित वैदिक याने ब्राम्हण परम्परा (हालको हिन्दू धर्म)मा पशुबलि दिने चलनलाई ज्यादै महत्व दिइएको थियो। यो परम्परा अपनाउने



Downloaded from http://dhamma.digital/

मानिसहरू आफ्नो कामना पूरा गर्न वा कामना पूरा भएको खुशियालीमा भाकल गरे बमोजिम देवी देवताको नाममा विभिन्न प्रकारका पशु तथा पंक्षीहरूलाई बलि दिन्थे। यसरी देवी देवताहरूको नाममा पशुवलि दिंदा यिनीहरू बलिमा चढाइएका पशुहरू पशु योनीबाट मुक्त भई स्वर्ग जाने कुरामा विश्वास राख्दथे। यो परम्परा हिन्दू धर्ममा मात्र होइन्, नेपालमा प्रचलित बज्रयान बौद्ध परम्परामा पनि हालसम्म कायमै छ। हिन्दूहरूले देवी वा देवताको स्थान वा यज्ञमा पशुबलि दिंदा पढने गरेको मन्त्र यस प्रकार छ :-

"पूर्व जन्मकृतं कर्म पशुजन्मं च जायते।
सर्वपापविनिर्मुक्तं स्वर्गवासं स गच्छति॥"[१] अर्थात्

पहिलेको जन्ममा गरेको पापले गर्दा तैले पशु जन्म लिइस्।
अहिले तँ सबै पापबाट मुक्त भएर स्वर्गलोकमा जाने भइस्॥

यसरी मन्त्र पढेर पशुबलि दिंदा बलिमा संलग्न पुरोहितहरू बलिमा चढाइने पशुको कानमा माथि उल्लेखित मन्त्र फुकेर पशुको रगत विस्तार विस्तार देवी वा देवताको प्रतिमामा छर्कने गर्दछन्। यस परम्परा अन्तर्गत प्राचीन कालमा सामान्य पशु वा पंक्षी मात्र होइन, बल्की मानिस, गाई, घोडा आदिलाई पनि चढाउने गर्दथे। यसले गर्दा पशुबलिको नाम नरमेध, गोमेध, अश्वमेध आदि रहन गएको हो। प्राचीन हिन्दूहरू देवी देवतालाई मात्र होइन बल्की मरेको मानिसलाई अन्तिम (अग्नि) संस्कार गर्दा पनि पशुबलि दिने



Downloaded from http://dhamma.digital/

गर्दथे । तर यस्तो पशुबलि विशेष गरेर विधवा महिलाले आफ्नो मृत पतिसंग सती गएको जाने बेलामा दिइएको पाइन्छ । उदाहरणको लागि ऋग्वेद र अथर्व वेदमा लेखिएका केही हरफहरू यहाँ उल्लेख गरिन्छ :-

"(vii) The widow lay down on the funeral pile by the side of her husband (**The Rigveda** X.18.7; **Atharvaveda XVIII**. 2.4.8).

(viii) A goat was sacrificed and the pile was lit up. Women expressed their grief. (**Atharvaveda** XVIII.2.4.8)."[४] अर्थात्

(७) विधवा आफ्नो पतिको छेउमा चित्तामा पल्टे । (ऋग्वेद १०।१८।७, : अथर्ववेद १०।८।३१।२)।

(८) बोकालाई बलि दिएर चित्तालाई जलाइयो । महिलाहरूले दु:ख व्यक्त गरे । (अथर्ववेद १८।२।४।८)।

जैन र बौद्ध धर्म प्रादुर्भाव हुनु अगाडि भारतीय उपमहाद्वीपमा पशुबलि दिने परम्परा रहेको र यस परम्परालाई हिन्दू धर्मका महत्वपूर्ण ग्रन्थहरूले पछिसम्म स्थान दिँदै गरेको कुरालाई लिएर श्री नारसु यस प्रकार उल्लेख गर्नु हुन्छ: "In the **Satapatha Brahmana**, it is stated that men, horses, bulls, rams



Downloaded from http://dhamma.digital/

and she-goats were used for sacrifice. ,,, Manu (v.35) declares that the man who, having performed a (madhuparka or other) ceremony, fails to eat flesh meat will be doomed to be born an animal for twenty generations."[१] अर्थात् शतपथ व्राम्हणमा मानिस, घोडा, सांढे, भेडा र बाखालाई बलि दिने कुरा उल्लेख भएको देखिन्छ। ... मनुका मत अनुसार (मनुस्मृति श्लोक ३५) यदि कसैले (मधुपर्क वा अन्य कुनै) समारोह वा भोजको आयोजना गऱ्यो तर मासु खाने काम गरेन भने उसले बीस जुनीसम्म जनावरको रूपमा जन्म लिनुपर्नेछ। पछि गएर यो परम्परा जनभावनाको विपरीत हुने देखिएकोले यसलाई केही हदसम्म प्रतिबन्ध लगाइएको थियो। यस सम्बन्धमा, पशुबलि सम्बन्धमा पछि गएर विकसित भएको यस प्रकारको धारणालाई लिएर निर्णय सिन्धुका रचनाकार लेख्दछ: "The slaughter of large bulls and large sheep for Brahmans versed in the Vedas, though duly ordained, should not be effected being detested by the public."[१] अर्थात् वेदका ज्ञाता ब्राम्हणहरूको लागि ठूलो संख्यामा सांढे र भेडाहरू बलि दिने परम्परा शास्त्रसम्मत भए तापनि जनताले यसप्रति आक्रोश पोख्ने हुँदा यसलाई चालु राख्न हुँदैन। यस्तै भारतीय उपमहाद्वीपमा बेलायती साम्राज्य विस्तार भएको अवस्थासम्म नरबलिको प्रचलन रहेको र सो सम्बन्धमा कालिका पुराणमा उल्लेख भएका कुराहरू तन्त्रविज्ञ श्री वाकर यसरी उल्लेख गर्नु हुन्छ :-



Downloaded from http://dhamma.digital/

"In India sects like the Kapalikas and Kalamukhas were on the look-out for beautiful young women whom they could offer as a sacrifice to the fierce goddess Chamunda, another aspect of Shakti. The Shakta treatise, the Kalika Purana, devotes an entire chapter to animal and human sacrifice. 'By a human sacrifice', it is said, the goddess remains gratified for a thousand year. By the sacrifice of three men, one hundred thousand years."[७] अर्थात्

भारतमा कापालिक र कालामुख जस्ता सम्प्रदायहरू शक्तिको अर्को रूप, विकराल देवी चामुन्दामा बलि चढाउनको लागि सुन्दर र तरुण महिलाहरू खोज्दै गर्दथे । शाक्त ग्रन्थ, कालिका पुराण, ले एउटा पूरा अध्याय पशु र नरबलिको वर्णनमा समर्पण गरेको छ । यस्तो भनिएको छ कि (एउटा) मानिस बलि दिइएमा देवी (भगवती) एक हजार वर्ष तृप्त रहन्छिन् भने तीन जना मानिसहरूलाई बलि दिइएमा एक लाख वर्षसम्म ।

तर विडम्वनाको कुरा यो छ कि भारतीय उपमहाद्वीपमा यस प्रकारको नरबलि रोक्ने काम पनि बेलायती साम्राज्यको उद्‌य पछि, अर्थात् लर्ड हेस्टिंगस् र लर्ड वेन्टिंक जस्ता राज्यपालहरूको समयमा, मात्र सम्भव हुन सक्यो । यो कुरालाई लिएर श्री वाकर पुन: लेख्नु हुन्छ: "By the end of the nineteenth century British law and Hindu reform had virtually put an end to the practice of human sacrifice, though cases of such sacrifice continue to be sporadically reported from



Downloaded from http://dhamma.digital/

Rajasthan, Madhya Pradesh, Uttar Pradesh, Bihar and Andhra Pradesh to this day."[८] अर्थात् उन्नाइसौं शताब्दीको अन्त्यमा बेलायती कानून र हिन्दू धर्ममा भएको सुधारले नरबलिको परम्परालाई यथार्थ रूपमा समाप्त पारे तापनि यस प्रकारको बलि राजस्थान, मध्यप्रदेश, उत्तर प्रदेश, विहार र आन्ध्र प्रदेशमा हालसम्म चालु रहेको कुरा छिटपुट रूपमा जानकारीमा आउने गरेको छ।

## पशुबलिको परम्परा माथि आक्रमण

प्राचीन हिन्दू धर्ममा प्रचलित पशुबलिको परम्परा माथि कडा शब्दहरू प्रयोग गरी आक्रमण गर्ने पहिलो दर्शन चार्वाक दर्शन हो। यसरी आक्रमण गर्ने क्रममा चार्वाक दर्शनका आचार्य बृहस्पतिले प्रतिपादन गरेको रमाइलो सिद्धान्त यस प्रकार छ :-

"पशुश्चेन्निहंत स्वर्ग ज्योतिष्तोमे गमिष्यति ।
स्व पिता यजमानेन तत्र कस्मान्न हिंस्यते ॥"[१] अर्थात्

यज्ञमा मारिएका पशुहरू सांच्चै स्वर्ग जान्छन् भने
यजमानले यज्ञमा आफ्ना पितालाई किन नमार्ने ।

पशुबलिको विरोधमा यस प्रकारले प्रहार गरे तापनि चार्वाक दर्शनले त्यसबेलाको धार्मिक समाजमा राम्रो स्थान पाउन सकेको देखिंदैन। यसको मूल कारण हो, यो दर्शन अति नास्तिकवादी हुनु



Downloaded from http://dhamma.digital/

र यसले मानव जीवनको कुनै पनि मूल्य र मान्यतालाई स्थान नदिनु । यस पछि भारतीय उपमहाद्वीपमा देखापरे जैन धर्म वा दर्शन । यस दर्शनले "अहिंसा परमोधर्म" अर्थात् अहिंसा नै परम धर्म हो भन्ने सिद्धान्तको माध्यमबाट पशुबलिको विरोधमा बुलन्द आवाज उठाए । यो दर्शन ज्यादै उच्च मानव मूल्यमा आधारित भएकोले यसले त्यस बेलाको समाजमा केही मात्रामा प्रभाव पारे पनि । तर यो दर्शन ज्यादै कठोर नियमको पालनमा आधारित रहेको कारण धेरै मात्रामा फैलिन सकेन । जैन दर्शन पछि भारतीय उपमहाद्वीपमा प्रादुर्भाव भएको बुद्ध धर्म वा दर्शनले पशु बलिको विरोधमा आवाज उठाए तापनि यो धर्म वा दर्शन जैन धर्म वा दर्शन जस्तो अहिंसा नै परम धर्म हो भन्ने सिद्धान्तमा आधारित थिएन । यसले गर्दा यस धर्मका अनुयायीहरूले, विशेष गरेर थेरवाद परम्पराका बौद्धहरूले, पशुबलिलाई परित्याग गरे तापनि मांस पदार्थको उपभोगमा व्यवधान खडा गरेको थिएन र छैन पनि ।

## बुद्ध धर्ममा मासु खाने परम्परा

बुद्ध धर्ममा, विशेष गरेर थेरवाद परम्परामा, बुद्ध धर्मका प्रतिपादक बुद्धको समयदेखि नै मासु खाने चलन रही आएको पाइन्छ । थेरवादी भिक्षुहरू आफूलाई भोजन दानको रूपमा दिइएको मासुको परिकारलाई ग्रहण गर्ने गर्दछन् । तर यसरी मासुको परिकार ग्रहण गर्दा उनिहरू त्रिकोटी परिशुद्ध (विशुद्ध) याने तीन प्रकारका दोषहरूले मुक्त रहेको मासुको परिकार मात्र ग्रहण गर्दछन् । बुद्ध धर्ममा त्रिकोटी विशुद्धको परिभाषा अन्तर्गत प्रयोग भएका शव्दहरू



Downloaded from http://dhamma.digital/

(क) अदिट्ठ, (ख) असुत र (ग) असंकृत हुन् । यहाँ अदिट्ठ शव्दको माने आफ्नो लागि भनी नमारिएको वा मारिएको नदेखिएको पशुको मासु हो । यस्तै असुतको माने आफ्नो लागि मारेको भनी नसुनिएको पशुको मासु हो भने असंकितको माने आफ्नो लागि मारिएको भनी शंका नलागेको मासु हो । यसरी भिक्षुहरूले मासुको परिकार ग्रहण गर्नुको मुख्य कारण हो उनीहरूको जीविकाको साधन नै अरुले दिएको भोजन दानमा भर पर्ने वा भोजनको रूपमा अरुद्वारा दिइएका खाद्यवस्तुलाई त्याग्न नमिल्ने परम्परा ।

बुद्ध धर्म अनुसार हिंसा वा पाप कर्म शरीर, वचन र मनले गरी जम्मा तीन प्रकारले गरिन्छ । यिनीहरू मध्ये भगवान् बुद्धले मन वा चित्तद्वारा हुने पापलाई सबभन्दा ठूलो पाप मान्नु भएको छ । भगवान् बुद्धका अनुसार चित्त वा मन प्रेरित नभई शरीर वा वचनद्वारा गरिएको कुनै पनि कर्म वा पाप हुन सक्तैन । यसैले यो धर्ममा चित्त वा मन प्रेरित नभई गरिएको कुनै पनि कर्मलाई कर्म वा पाप मानिंदैन पनि । बुद्ध धर्मका अनुसार यदि कसैले मनले चिताएर अरुको शोषण गर्दछ, धोका दिन्छ वा ठग्ने काम गर्दछ भने त्यो भने पापै हो । यस अन्तर्गत् मनुष्यघात (मनुष्यलाई मार्ने काम) जस्तो ठूलो पाप अरु जीवको घातलाई मानिएको पाइदैन । यसैले यदि कुनै भिक्षुले मनुष्यलाई घात गर्‍यो भने उसलाई भिक्षु विनय (पातिमोक्ख) अनुसार पाराजिका (पराजित) भएको मानी सदाको लागि भिक्षुत्वबाट हटाइन्छ तर पशु वा पंक्षीलाई घात गरेको छ भने उसले पाचितिय (प्रायश्चित) गरे पुग्दछ ।



Downloaded from http://dhamma.digital/

प्राणी हिंसा सम्बन्धमा बुद्ध धर्ममा आफ्नै प्रकारको नियमहरू छन् र आफ्नै प्रकारको सिद्धान्तहरू छन्। यी नियम वा सिद्धान्तहरूका अनुसार प्राणी हिंसाको नियम पूरा हुनको लागि ५ वटा अंगहरू पूरा भएको हुनु पर्दछ र यी ५ वटा अंगहरू हुन्: (क) प्राणीको उपस्थिति, (ख) प्राणी जीवित रहेको हुनु पर्ने, (ग) उपस्थित जीवलाई मार्ने संकल्प वा चेतना, (घ) हत्या गर्ने प्रयास, र (ङ) प्राणीको मृत्यु। यस सन्दर्भमा पालि सूत्रमा उल्लेखित वचन यस प्रकार छ :-

"पाणो वा पाण सञ्ञिता धातु चित्तञ्चुपक्कमो तेनेवमरणञ्चाति पञ्चिमे वधहेतुयो।"[१०] अर्थात्

प्राणी अथवा प्राण सहितको जीवलाई मार्ने संकल्प गरेर हत्याको प्रयास गर्नु र प्राण सहितको जीव मर्नु।

## प्राणी हिंसाको फल

प्राणी हिंसा चाहे व्यक्तिगत चाहनाको लागि गरिएको होस्, चाहे सामाजिक व्यवहारको क्रममा वा पशुबलि दिने क्रममा, यसलाई बुद्ध धर्ममा अकुशल कर्म वा पाप भन्ने गरिएको छ। बुद्ध धर्मका अनुसार यस्ता अकुशल कर्म चाहे जोसुकैले गरेको किन नहोस् उसले कर्म अनुसारको फल (कम्म विपाक) भोग्नै पर्दछ। बुद्ध धर्मका अनुसार प्राणातिपात गर्ने मानिसले भोग्ने कर्म फल यस प्रकार छन् :-



Downloaded from http://dhamma.digital/

क) मरण पछि अपाय गतिमा पर्दछ ।(नर्कमा पर्दछ अथवा प्रेत, तिर्यक वा असुर भएर जन्मन्छ)

ख) मनुष्यको रूपमा जन्म लिए पनि अंग भंग भएको हुन्छ र राम्रो रूप पाउँदैन ।

ग) आयु छोटो हुन्छ र अरुको हातबाट मरणको सम्भावना रहन्छ । आदि ।[११]

## बुद्ध धर्मद्वारा स्वीकृत धार्मिक अनुष्ठान

बुद्ध धर्म, विशेष गरेर थेरवाद परम्परा, अनीश्वरवाद र अनात्मवादको सिद्धान्तलाई अपनाउने धर्म भएकोले यसले परमात्मा (ईश्वर) र आत्मालाई कुनै स्थान दिएको छैन । यसरी कुनै पनि परमात्मा र आत्मालाई स्थान नदिने धर्म भएकोले बुद्ध धर्मले परमात्मा वा आत्माको नाममा गरिने पशुबलिको परम्परालाई स्थान दिने कुरा झन सम्भवै भएन । दीघ निकायको तेविज्ज सुत्तमा भगवान बुद्धले ब्रम्हालाई साक्षात्कार गर्न अथवा ब्रम्हलोक पुग्नको लागि पशुबलि दिएर हिड्ने ब्राम्हणहरूलाई ब्रम्हा निरामिष देवता भएकोले उसले पशुबलि ग्रहण गर्दैनन्, ब्रम्हालाई साक्षात्कार गर्नको लागि पशुबलि होइन बरु आफूमा मैत्री, करुणा, मुदिता र उपेक्षा जस्ता गुणहरूको विकास गर्नु पर्दछ भन्दै चार ब्रम्ह विहारहरूको उपदेश दिनु भएको देखिन्छ । यस्तै उहांले कुटदन्त,



Downloaded from http://dhamma.digital/

उज्जय र उदायी जस्ता ब्राम्हणहरूलाई पशुबलि दिइने यज्ञ वास्तवमा यज्ञ वा धर्म होइन बरु निर्दयताको प्रतीक हो भन्ने कुरालाई जानकारी दिँदै उत्कृष्ट यज्ञ वा धर्मबारे यस प्रकार जानकारी दिनु हुन्छ :-

"हे ब्राम्हण ! जब मानिसले श्रद्धायुक्त भएर (१) जीवहत्याबाट विरत रहने, (२) चोरीबाट विरत रहने, (३) काम भोग सम्बन्धी मिथ्याचारबाट विरत रहने, (४) झुठबाट विरत रहने, तथा (५) सुरामेरय (रक्सी) आदि नशीला पदार्थहरूको सेवनबाट विरत रहने संकल्प गर्दछ त्यस्तो संकल्प एउटा यस्तो यज्ञ हुन जान्छ जसमा गरिने खर्चको परिणाम भन्दा असल परिणाम निक्लन्छ ।"[१२]

पशुबलि दिने परम्पराको विरोधी भए तापनि बुद्ध धर्मले सिकाएको अहिंसा अरु धर्महरूले सिकाएका अहिंसा भन्दा केही भिन्न प्रकारको देखिन्छ । यसरी भिन्न देखापर्नुको कारण बुद्ध धर्मले सिकाएको अहिंसामा मैत्री, करुणा, मुदिता, उपेक्षा जस्ता सक्रिय गुणहरू विद्यमान हुनु हो जब कि अरु धर्महरूले यस्ता सक्रिय गुणहरूलाई जोड दिनुको बदला निस्क्रियतामा जोड दिने गरेका छन् । यस प्रकार बुद्ध धर्ममा अहिसाको मतलव अन्याय र अत्याचारको अगाडि शीर झुकाउनु कदापि होइन बरु शत्रुहरूका वीच पनि शत्रुताभाव वा घृणाभाव त्यागेर सुखपूर्वक जीउनु हो । भगवान् बुद्ध यस सन्दर्भमा आज्ञा हुन्छ :-



Downloaded from http://dhamma.digital/

"सुसुखं वत जीवाम -- वेरिनेसु अवेरिनो ।
वेरिनेसु मनुस्सेसु -- विहराम अवेरिनो ॥

सुसुखं वत जीवाम -- आतुरेसु अनातुरा ।
आतुरेसु मनुस्सेसु -- विहराम अनातुरा ॥"[११] अर्थात्

वैरीहरूको बीचमा शत्रुभाव त्यागेर हामी सुखपूर्व बाँचौं ।
घृणित मानिसहरूको बीचमा घृणाभाव त्यागेर विहार गरौं ॥

भयभीतहरूको बीचमा भय त्यागेर हामी सुखपूर्वक बाँचौं ।
भय सहितका मानिसहरूको बीच भयरहित भई विहार गरौं ॥

अहिंसाको सम्बन्धमा बुद्ध धर्मको धारणा यस प्रकार मैत्री भावको विकास गर्नु रहेतापनि अन्याय र अत्याचारसँग डट्ने कुरामा यसको धारणा कहिले नकारात्मक रहेन । यसैले अहिंसाको पालन गर्ने नाममा सैनिकहरू आफ्ना कर्तव्यबाट विचलित हुन नपाओस् भनेर भगवान् बुद्धले सैनिकहरूलाई भिक्षु संघमा प्रवेश गर्न निषेध गर्ने नियम बनाउनु भएको थियो । साथै उहाँले वैशालीका प्रधान सेनापति सिंहलाई दिनु भएको उपदेशबाट पनि बुद्ध धर्ममा पाइने अहिंसाको सिद्धान्त नकारात्मक नरहेको कुरा पुष्टि हुन्छ । यस सम्बन्धमा उहाँका उपदेशहरू यस प्रकार छन् :- *"दण्डनीयलाई दण्ड दिनै पर्छ । पुरस्कार दिन योग्यलाई पुरस्कार दिनै पर्छ । साथै कुनै पनि प्राणीलाई कष्ट दिनु हुँदैन, बरु त्योसँग प्रेम र दयाको व्यवहार गर्नु पर्दछ ।"*[१४]



Downloaded from http://dhamma.digital/

# उच्च कोटीको बलि

देवी, देवता वा अदृष्य शक्तिलाई रगत चढाएर दिइने बलि परम्परामा नरबलिलाई सबभन्दा उच्च कोटीको बलि मानिन्छ। यसैले धर्मको नाममा कुविद्या (Black Science) को साधना गर्ने साधकहरू र ठूलठूला सिद्धि (Success) लाभ गर्ने तान्त्रिकहरू पशुबलिको नाममा मानिसलाई पनि बलि दिने गर्दछन्। कुनै बेला नेपालका अति ख्याती प्राप्त तन्त्रगुरु बन्धुदत्त आचार्यले भविष्यमा करुणामय (रातो मच्छिन्द्र नाथ)को रूपमा जन्म लिने आफ्नो छोरालाई आफ्नो पूर्वजन्ममा काठमाडौंको म्हेपी अजिमामा बलि चढाएको किंवदन्ती नेपाली समाजमा आज पनि ताजै छ। यस्तै आदि शंकराचार्यलाई केही तान्त्रिकहरूले आफ्नो इष्टदेवतामा बलि चढाउन अपहरण गरी जंगलमा लगेका थिए। यी भए सांसारिक सिद्धिका कुरा, अब हामी आध्यात्मिक सिद्धिको कुरा तर्फ पनि लागौं।

आध्यात्मिक सिद्धि विशेष गरेर निर्वाण लाभ गर्ने परम्परामा हुर्केका साधकहरूको सिद्धि हो। यो सिद्धि अन्तर्गत निर्वाण प्राप्त गर्न खोज्ने अथवा निर्वाण लाभ गरिसकेका साधकहरू पर्दछन्। यसरी निर्वाण लाभ गर्ने परम्परामा हुर्केका साधकहरूले कहिले कांही अर्काको उपकारको लागि वा बहुजनको हितको लागि आफैलाई पनि बलि चढाउने (आत्मबलिदान गर्ने) गर्दछन्। भगवान् बुद्धले



Downloaded from http://dhamma.digital/

पूर्व जन्ममा भोकले मर्न लागेका बघिनीका बच्चा (डमरु) हरूलाई बचाउन महासत्व राजकुमारको रूपमा गरेको आत्मबलिदान र जनतालाई दुर्भिक्षबाट बचाउन मणिचूड राजाको रूपमा गरेको मणिदान यसैका केही उदाहरणहरू हुन् । यस्तै पश्चिमा मुलुकहरूमा सुकरातले हेमलक विष पिएर गरेको आत्मबलिदान र यीशु ख्रीष्टले क्रशमा झुण्डिएर दिएका आत्मबलिदान यसै कोटीमा पर्दछन् । यीशु ख्रीष्टले दिएको बलिदान सम्बन्धमा ख्रीष्टानहरूको पवित्र ग्रन्थ नयाँ करार (New Testament) यसरी लेख्दछ :-

"बोका र साँढेहरूको रगत र कोरलीको खरानी अशुद्ध मानिसहरू माथि छर्कंदा तिनीहरूको शरीर शुद्ध हुन्छ भने ख्रीष्टको रगतले त झन् कति बढी गरी तिमीहरूका विवेकलाई मरेका कामहरूबाट शुद्ध पार्नेछ । ...यस युगको अन्त्यमा आफ्नै वलिद्वारा पाप हटाउनलाई उहाँ संधैको निम्ति एकैपल्ट प्रकट हुनु भएको छ । जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ, त्यसरी ख्रीष्ट पनि धेरै जनाको पाप बोक्नलाई एकै पल्ट बलि हुनु भयो ।"[१२]

भारतीय उपमहाद्वीपमा उपनिषदहरूको विकास भएपछि आध्यात्मिक क्षेत्रमा एक प्रकारले नयाँ जागरण शुरु भयो । यस जागरणले प्राणी हिंसाको विरोधमा अप्रत्यक्ष तवरले आवाज पनि उठायो । यसै क्रममा देखा परे सर्वत्र शान्तिको कामना गर्ने विभिन्न मन्त्रहरू । उदाहरणको लागि एउटा मन्त्रलाई यहाँ उल्लेख गरिन्छ पनि :-



Downloaded from http://dhamma.digital/

"ॐ द्यौ शान्तिरन्तरिक्ष शान्तिः पृथिवी शान्तिरापः शान्तिरोषधयः शान्तिः। वनस्पतयः शान्तिविश्वेदेवाः शान्तिब्रम्ह शान्तिः सर्ब शान्तिः शान्तिरेव शान्तिः सामा शान्तिरेधिः ॥"[१६] अर्थात्

ॐ देवतामा शान्ति रहोस्, अन्तरिक्ष, पृथ्वी, पानी, औषधि, वनस्पति, विश्व देवता र ब्रम्हमा पनि शान्ति रहोस् । यस्तै सबैमा, शान्तिमा र खेतमा पनि शान्ति रहोस् ।

## पशुबलि सम्बन्धमा नयाँ धारणा

भारतीय उपमहाद्वीपमा जैन र बुद्ध धर्महरूको अभ्यूदय भए पछि आध्यात्मिक जागरणको क्षेत्रमा एक नयाँ आयाम थपियो । यस आयाम अन्तर्गत देखा परे भगवान् बुद्धको सानिध्यमा रहेर निर्वाण लाभ गर्ने असंख्य श्रावकहरू । यसै बेलादेखि वैदिक ऋषिहरूको आकांक्षा "असतो मा सद्गमय । तमसो मा ज्योतिर्गमय । मृत्योमाऽमृतं गमय ।"[१७] अर्थात् हामीलाई असतबाट सततर्फ लगि देऊ, अन्धकारबाट प्रकाशतर्फ लगिदेऊ, मृत्युबाट अमृततर्फ लगिदेऊ भन्ने आकांक्षा केवल आकांक्षामा सीमित रहन पाएन । बुद्धको अनुभूतिमा गएर उनीहरूको यो आकांक्षा सफलिभूत भए जब बुद्धद्वारा उद्घोषण भए यी वाणीहरू :-

"अविज्जा विहता, विज्जा उप्पना । तमो विहतो, आलोको उप्पनो । अपारुता अमतस्सद्वारा ।"[१८] अर्थात् अविद्या नाश भयो, विद्या उत्पन्न भयो । अन्धकार नाश भयो, प्रकाश उत्पन्न भयो । अमृतको द्वार खोलियो ।



Downloaded from http://dhamma.digital/

यस बेलादेखि भारतीय उपमहाद्वीपमा त्यस बेला प्रचलित वैदिक धर्म (हालको हिन्दू धर्म) मा बुद्ध धर्म र दर्शनको धेरै प्रभाव देखा पर्न थाल्यो । केही समय पछि हिन्दू धर्मले निर्वाण लाभ नगरेका सबै जीवलाई पशु, यिनीहरूलाई संसाररूपी पासोमा जाक्ने अज्ञानलाई पाश र यस पाशबाट मुक्त गर्ने बुद्धलाई पतिको संज्ञा दिएर पाशुपत मतको विकास गरे ।[१९] पछि गएर यसको छाप पशुबलिको परम्परामा पनि देखा पर्‍यो । यसै सिलसिलामा अज्ञानको कारक तत्वको रूपमा रहेको काम, कोध, लोभ, मोह र अहंकारलाई पाँचवटा पशुहरूको संज्ञा दिई यिनीहरूको बलि दिने काम नै पंचबलि हो भन्ने अवधारणा विकास भयो । आगमसार तन्त्रमा पाइने यो नयां अवधारणा यस प्रकार छ :-

"कामक्रोधसुलोभमोहपशुकांश्छित्वा विवेकासिना
मांसन्निर्विषय परात्मसुखदं खादन्ति तेषां बुधा ।
ते विज्ञानपरा धरातलसुरास्ते पुण्यवन्तो नरा :
नाश्नीयात् पशुमांसमात्मविमते हिंसा परं सज्जन ॥[२०] अर्थात्

काम, कोध, लोभ र मोहरूपी पशुलाई विवेकरूपी तलवारले काटेर परमात्मालाई आनन्द गराउने निर्विषयरूपी मासु खाने साधक नै वैज्ञानिक पृथ्वीका देवता तथा पुण्यात्मा हुन्, जीवित मारेर आफ्नो लागि मासु खानु हुंदैन ।

यस्तै हिंसा कर्म गर्न तर्सने वा पंच बलिको लागि रांगा, बोका, भेडा, हाँस र कुखुरा खरिद गर्न सामर्थ्य नभएकाहरूले



Downloaded from http://dhamma.digital/

पंचबलिको सट्टा कुभिण्डो, अदुवा आदि जस्ता निर्जीव वस्तुहरूलाई बलिको रूपमा प्रयोग गर्ने गरेका छन्। यसै क्रममा उनीहरू पंचबलि भन्ने शब्द केवल सांकेतिक वा सन्ध्या भाषा मात्र हो, पंच बलिमा प्रयोग हुने वस्तुहरू हाँस, कुखुरा, भेडा, बोका, रांगा जस्ता जीवहरू होइनन् बरु केही अन्य निर्जीव खाद्य पदार्थहरू हुन् भनेर भन्ने गर्दछन्। तन्त्र परम्परामा यस प्रकारका नयाँ अवधारणाहरू विकास भए तापनि पंचबलिको नाममा हालसम्म नेपाल र अन्य देशहरूमा हाँस, कुखुरा, भेडा, बोका र रांगो जस्ता पाँच वटा जीवहरूलाई नै बलि दिने गरिएका छन्।

## नेपालमा पशुबलिको परम्परा

हाम्रो देश नेपालमा प्राचीनकालदेखि हालसम्म पशुबलि दिने परम्परा चलि आएको पाइन्छ। नेपालमा यसरी पशुबलिको प्रचलन रहनुको कारण हो यस देशका जनताले पहिलेदेखि हालसम्म पनि सिद्ध परम्परा वा तन्त्र परम्परालाई बढी जोड दिन पुग्नु। चाहे हिन्दू धर्मको नाममा होस्, चाहे बुद्ध धर्मको, नेपालमा हालसम्म पनि विभिन्न मठ, मन्दिर र धार्मिक स्थलहरूमा पशुबलि दिने परम्परा कायमै रहेको पाइन्छ। यसरी हिन्दू र बौद्ध धर्महरूको नाममा पशुबलि दिने प्रचलन कायम रहनुको कारण हो यहाँ आएर हिन्दू र बुद्ध धर्महरू विशुद्ध रूपमा फष्टाउन नपाउनु। यस भन्दा पनि महत्वपूर्ण कुरा त नेपालमा प्रवेश गरेपछि यी धर्महरूले यहाँ प्राचीन समयदेखि चलि आएको पितृपूजा (Ancestor Worship) सँग आफूलाई तादात्म्य राख्न बाध्य हुनु। यसले गर्दा नेपालमा



Downloaded from http://dhamma.digital/

प्रचलित पितृदेवताहरू आजु र अजिमा (First Patriarch or First Matriarch) भैरव, काली वा योगिनी बने र पशुबलि ग्रहण गर्न थाले । अर्को तर्फ हिन्दू धर्मको शाक्त सम्प्रदाय र बुद्ध धर्म ( बज्रयान अन्तर्गत) को सिद्ध परम्परा आफै पनि एक प्रकारले पशुबलि र पंचमकारमा जोड् दिने परम्परा थियो । यसैले भारत तर्फ गणेश जस्तो हिन्दू देवतामा पशुबलि नचढाइए तापनि नेपालमा भने चढाइएको पाइन्छ । नेपालमा हिन्दूहरूको प्रमुख आराध्यदेव कहलिएका श्री पशुपतिनाथलाई हरेक पूर्णिमाको दिन भोग चढाउँदा पनि बोकाको बलि दिने गरिन्छ । यस्तै करुणाको खानी कहलिएका करुणामय अथवा मत्स्येन्द्रनाथ जस्ता बौद्ध धर्म अन्तर्गत सिद्ध परम्पराका प्रमुख देवताहरूको जात्रा चलाउनु अगाडि उहाँहरूको रथमा पशुबलि दिने परम्परा रहेको छ । यसै धर्मको वज्रयानी परम्परा अन्तर्गत कुल देवतामा पूजा चढाउँदा पशुबलि नचढाई हुँदैन । यी यस्ता परम्पराहरू हुन् जसले नेपालमा प्रचलित हिन्दू धर्मलाई भन्दा बढी बुद्ध धर्मलाई बदनाम गराउन खोजेको छ । हुन त नेपालमा त्यस बेलाका हिन्दू राजाहरूको नकारात्मक रवैया वा प्रताडनाबाट बुद्ध धर्मलाई बचाउन नेपालका बौद्धहरूले कुनै बेला जाती प्रथालाई मान्यता दिन पुगे जस्तै पशुबलिलाई पनि मान्यता दिएको हुन सक्तछ । तर यो कुरा नेपालमा प्रजातन्त्रको आगमन भए पछि, याने, २००७ साल पछि नेपाली बौद्धहरूले त्याग्नु पर्ने कुरा हो जसलाई आजसम्म त्याग्न सकेको देखिंदैन । नेपालमा प्रचलित यो परम्परालाई आजपनि कायम राख्दै जाने हो भने बुद्धको अति पावन जन्मथलो कहलिएको नेपाल विश्वमा सबभन्दा गएगुज्रेका बौद्धहरूको देश नकहलिएला भन्नमा के बेर ?



Downloaded from http://dhamma.digital/

## उपसंहार

पशुबलि बारे भारतीय उपमहाद्वीप र अन्य देशहरूमा हालसम्म के कस्तो परम्परा रहे र यस बारे बौद्ध दृष्टिकोण के हो त ? भन्ने बारे आफूले जाने बुझेसम्मको कुरा यहाँ उल्लेख गरेको छुं। कार्यपत्र लेख्दा आफूमा रहेको सीमित अध्ययनको कारण विश्वमा प्रचलित अन्य धर्महरूको दृष्टिकोणलाई राम्ररी समेटन सकिएन र यसको लागि मेरो तर्फबाट क्षमा याचना। पशुबलि बारे हिन्दू र बौद्ध ग्रन्थहरूमा विभिन्न अर्थ लाग्ने गरी बढी मात्रामा साँकेतिक अथवा सन्ध्या भाषा प्रयोग गर्ने गरिएको कारण जनतामा अनेक प्रकारको विभ्रमहरू फैलिने गरेका छन्, यो राम्रो कुरा होइन। अतः पशुबलि बारे आधिकारिक व्यक्तित्वहरूको एक बृहत् सभाको आयोजना गरी त्यस सभा मार्फत पशुबलि भनेको यही हो भन्ने कुरा प्रष्ट जानकारी दिने काम भएमा अति उपयुक्त हुने देखिन्छ। यसरी जानकारी दिने कममा निर्णय लिंदा त्यस सभाले यो परम्परालाई आज अर्थात् एकाइसौं शताव्दीमा के कस्तो रूपले चालु राख्ने भन्ने बारेमा पनि निर्णय लिनु उपयुक्त हुने देखिन्छ। आजको यस भेलाले यस बारे आवश्यक कदम उठाउने छ भन्ने कुरामा म विश्वस्त छु।

अन्तमा यसरी यो कार्यपत्रलाई पेश गर्ने अवसर प्रदान गर्नु भएकोमा थेरवाद बौद्ध दायक केन्द्रीय परिषदलाई, विशेष गरेर यस परिषदका अध्यक्ष श्री बखत बहादुर चित्रकारलाई, मेरो तर्फबाट हार्दिक धन्यवाद !

भवतु सब्ब मंगलम् !



Downloaded from http://dhamma.digital/

# सन्दर्भ ग्रन्थहरू


१. धम्मवति, *बुद्ध पूजा विधि र कथा संग्रह,* (काठमाडौं, धर्मकीर्ति विहार, १९९९), पृ.नं.१

२. *धम्मपद,* श्लोक १२९, १३० र १३१

३. रत्नकाजि बज्राचार्य, *बलिपूजाया यथार्थता,* (यैं, बज्राचार्य प्रकाशन, १९९३), पृ.नं. २२

४. Rajbali Pandey, ***Hindu Samskars***, (Delhi, Motilal Banarasidas publishers private Limited, 1998), p. 244

५. P. Laksmi Narasu, ***The Essence of Buddhism***, (Taiwan, The Corporate Body of the Buddha Educational Foundation, 1977), p. 40

६. ***Ibid***, pp. 40-41

७. Benjamin Walker, ***Tantrism: Its Secret Principles and Practices***, (Great Britain, The Aquarian Press, 1982), p. 82

८. ***Ibid***

९. शिव शंकर मिश्र, *भारतका धार्मिक इतिहास,* (कलकत्ता, बाहिती एण्ड को., १९८०), पृ. ११४

१०. भिक्षु अश्वघोष, *बुद्धकालीन संस्कृति,* (काठमाडौं, श्रीघः विहार, १९९९), पृ.नं. १७

११. भिक्षु सुशोभन, *बुद्ध धर्म शिक्षा, भाग १-२,* (काठमाडौं, पद्म सुगन्ध विहार, १९९०), पृ. २६




Downloaded from http://dhamma.digital/

१२. भीमराव रामजी अम्बेडकर (अनु.), *भगवान् बुद्ध र उहाँको धर्म,* (पोखरा, धर्मशीला बुद्ध विहार, २०५३ वि.सं.), पृ. १९२-१९३

१३. *धम्मपद,* श्लोक १९७, १९८

१४. अम्बेडकर, *पूर्ववत्,* पृ. ३७२

१५. *नयाँ करार,* (काठमाडौं, नेपाल बाइबल सोसाइटी, १९९६), ४४७-४४८

१६. श्री ५ महाराजाधिराज गीर्वाणयुद्ध विक्रम शाहदेव, *सत्कर्म रत्नावली भाग १,* (काठमाडौं, वाल्मीकि संस्कृत महाविद्यालय, २०२६ वि.सं.), पृ. २३

१७. भरत सिंह उपाध्याय, *बोधिवृक्षकी छांया मे,* (नयाँ दिल्ली, सस्ता साहित्य मण्डल, १९८६), पृ. ५३

१८. पूर्ववत्

१९. थप जानकारीको लागि सानु भाई डंगोल लिखित ***The Pashupatinath*** पढ्नु हुन अनुरोध ।

२०. धन शम्शेर ज.ब.रा., *कुलार्णक-रहस्य,* (काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४६ वि.सं), पृ १६



Downloaded from http://dhamma.digital/

मुद्रक : बालकुमारी प्रिण्टिङ्ग प्रेस, मध्यपुर थिमि-१२,
इनाय्टोल, दुईपोखरी ।
फोन नं. : ६३०८९९,

Downloaded from http://dhamma.digital/